निर्णयहरुः

१. भोजपुर नगरपालिका वडा न १२ मा अवस्थित पिखुवा खोला सित्तेल दोभानमा संचालित क्रसरलाई भोजपुर नगरपालिकाको मिति २०८२/०२/२९ को च.न ११२६को पत्रानुसार हालसम्म कुनै पनि सहमति वा अनुमति नदिइएको भन्ने ब्यहोराको पत्र प्राप्त भएको र जिल्ला अनुगमन समिति भोजपुरद्वारा मिति २०८२/०२/०४ गरिएको उक्त क्रसरको अनुगमनको क्रममा ३१८.७५ घन मिटर ढुंगा, ५४३.७५ घन मिटर गिट्टी तथा ३६५.५ घन मिटर बालुवाको स्टक देखिएकोले उक्त नदिजन्य पदार्थहरुलाई ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा ब्यवस्थापन मापदण्ड २०७७ र सो मापदण्डको पहिलो संसोधन २०७९ बमोजिम भोजपुर नगरपालिकालाई उक्त स्टक जफत गर्नका साथै उक्त क्रसरलाई तत्काल बन्द गर्न निर्देशन दिने समेत निर्णय गरियो।

२. भोजपुर नगरपालिका वडा न १२ मा रहेको पिखुवा खोला सित्तेल दोभानमा नियमानुसार भोजपुर नगरपालिकाबाट अनुमति नलिई संचालित क्रसर उद्योगमा विद्युत जडान भएको पाइएकोले सो क्रसर उद्योगमा जडान भएको बिधुत लाइन नियमानुसार रहे/नरहेको? उक्त क्रसर उद्योगमा जडान भएको विद्युत लाइन कुन व्यक्ति वा संस्थाको नाममा रहेको छ? साथै उक्त क्रसर उद्योगले संचालन भएदेखि हालसम्म के कति महसुल नेपाल बिधुत प्राधिकरण भोजपुर शाखालाई बुझाएको छ? सो सम्बन्धमा विस्तृत रुपमा प्रतिवेदन तयार गरि जिल्ला अनुगमन समिति भोजपुरलाई खुलाई पठाउन नेपाल बिधुत प्राधिकरण भोजपुर शाखालाइ लेखि पठाउने निर्णय गरियो।

३. अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८१/१२/३१ च.न १५३३को पत्रानुसार ऐ गाउँपालिका वडा न ६ जरायोटार, फेरिबजार छेउ संचालनमा रहेको क्रसर ले हिले भोजपुर सडक निर्माण हुँदा क्रसर स्थापना भएको तर दर्ता नभएको भन्ने ब्यहोराको पत्र प्राप्त भएको र जिल्ला अनुगमन समिति भोजपुरद्वारा मिति २०८२/०२/०५ गते गरिएको उक्त क्रसरको अनुगमनको गरिएको उक्त क्रसरको अनुगमनको क्रममा ३२४.१ घन मिटर गिट्टीको स्टक देखिएको तथा ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा ब्यवस्थापन मापदण्ड २०७९को अनुसूची-५ बमोजिमको अनुगमन चेकलिस्ट अनुसार अनुगमन गर्दा बुंदा न ५,१०,११,१२,१३,१४,१५,१७,१८,१९,२० र २१को मापदण्डहरु पालना नगरिएको पाइएकोले उक्त नदिजन्य पदार्थहरुलाई ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा ब्यवस्थापन मापदण्ड २०७७ र सो मापदण्डको पहिलो संसोधन २०७९ बमोजिम अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई उक्त स्टक जफत गर्नका साथै उक्त क्रसरलाई तत्काल बन्द गर्न निर्देशन दिने समेत निर्णय गरियो।

४. भोजपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०२/२९ को च.न ११२६को पत्रानुसार पिखुवा खोला र दिङ्गला भोजपुर सडक खण्डको चेनेज नम्बर 4+000 KM देखि 12+000 KM भित्र उक्त सडक निर्माणको लागि मार्सली निर्माण सेवा प्रो. श्यामकुमार श्रेष्ठले अस्थायी रुपमा संचालन गरेको क्रसर उद्योगबाट भोजपुर नगरपालिकालाई भुक्तानी गर्नुपर्ने राजस्व रकम सम्बन्धित व्यवसायीलाई भुक्तानी दिन अगावै राजस्व जम्मा गर्न भनी भोजपुर नगरपालिकाबाट पूर्वाधार बिकास कार्यालय भोजपुरलाई ढुंगा, गिट्टी, बालुवा उत्खनन, विक्रि तथा ब्यवस्थापन मापदण्ड २०७७ र सो मापदण्डको पहिलो संसोधन २०७९ को दफा १२ को उपदफा ७ अनुसार मिति २०८१/०७/२८ गते पत्राचार गरिएको तर आ.व २०८१/८२ को राजस्व रकम भोजपुर नगरपालिकामा दाखिला गरेको नपाईएकोले भुक्तानी गर्न बाँकी राजस्व तथा जरीवाना समेत असुलउपर गरेर मात्र उक्त क्रसर संचालन गराउन भोजपुर नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो।

५. माथी उल्लेखित निर्णयहरुलाई कडाईका साथ कार्यान्वयन गर्न/गराउन सम्बन्धित स्थानीय तहहरुबाट सुरक्षा व्यवस्थापनका लागि जिल्ला अनुगमन समितिमा अनुरोध भई आएमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालबाट आवश्यकता अनुसार जनशक्ति परिचालन गर्ने समेत निर्णय गरियो ।

आज मिति २०८२/०२/३० गते नदिजन्य तथा खानिजन्य पदार्थको उत्खनन,सङ्कलन र बिक्री सम्वन्धी जिल्ला अनुगमन समितिका संयोजक जिल्ला समन्वय समिति भोजपुरका प्रमुख श्री कमल थुलुङ राई ज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा बैठक बसियो।

उपस्थितीहरु :

| | | |
|---|---|---|
| १. संयोजक श्री कमल थुलुङ राई | प्रमुख जिल्ला समन्वय समिति भोजपुर | |
| २. सदस्य श्री नर बहादुर थापा | प्रमुख जिल्ला अधिकारी, भोजपुर | |
| ३ . सदस्य श्री युवराज तिमिल्सिना | प्र.ना.उ, जि.प्र.का भोजपुर | |
| ४ . सदस्य श्री देवेन्द्र बहादुर थापा | स.प्र.ना.उ, स.प्र.वल भोजपुर | |
| ५ . सदस्य श्री विजय कुमार यादव | वन अधिकृत, डिभिजन बन कार्यालय भोजपुर | |
| ६ . सदस्य सचिव श्री सुरज श्रेष्ठ | जिल्ला समन्वय समिति भोजपुर | |

अन्य उपस्थिति:

| | | |
|---|---|---|
| १. श्री टेकवीर विस्वकर्मा | नासु, करदाता सेवा कार्यालय, भोजपुर | |
| २. श्री विवेक तामाङ | स.ई, भोजपुर नगरपालिका | |
| ३. श्री खम्बसिंह भुजेल | ख.डि.ए.ए. भोजपुर | |